(आर्थिक वर्ष २०८०/०८१)

# बार्षिक नीति तथा कार्यक्रम

# अजिरकोट गाउँपालिका

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८० असाढ ५ गते

गाउँसभा सदस्यज्यूँहरू !

सम्मानित व्यक्तित्वहरू !

राष्ट्रसेवक कर्मचारीहरू !

सुरक्षाकर्मीहरू !

पत्रकार मित्रहरू !

नागरिक समाज र आदरणीय अजिरकोटवासी दिदीबहिनी तथा दाजुभाइहरू !

अजिरकोट गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएर पहिलो आर्थिक वर्ष पार गरी केही सारपूर्ण अनुभव र अनुभूतिहरूका बीचमा आज दोस्रो आर्थिक बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफुले गौरवान्वित महशुस गरेको छु । यस भावोत्तेजक घडीमा सहृदयी सहयोगी तपाई आदरणीय सम्पूर्ण अजिरकोटवासी दिदीबहिनी तथा दाजुभाइहरूलाई हृदय देखि हार्दिक आभार व्यक्त गर्न पाउँदा फेरि पनि सुखको अनुभूति भएको कुरा निवेदन गर्दछु । हामी यो सुनौलो अवसरसम्म आइपुग्न जनताका बीचबाट गैरसांगठनिक र सांगठनिक रूपमा १९९४ साल अघि र पछि देखि आजसम्म बिभिन्न संघर्षहरू र त्यसमा पनि बिशेष गरी १० वर्षे जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन, जनजाति आन्दोलन, मधेश आन्दोलन तथा उत्पिडीत वर्ग समुदायहरूको आन्दोलनहरूको परिणामत  राजनीतिक परिवर्तन भएको कुरा हामी सबैलाई विधितै छ । यस राजनीतिक परिवर्तनको महायात्रामा आफ्नो अमूल्य जीवन वलिदान गर्ने ती सम्पूर्ण ज्ञातअज्ञात महान सहिदहरूप्रति यस अवसरमा ह्रदयदेखि सम्मान प्रकट गर्दै हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । यतिवेला, जेलनेलको यातना भोग्ने जोधाहाहरू तथा घाइते र बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दै महान परिवर्तनकारी नेपाली जनताप्रति हार्दिक अभिनन्दन प्रकट गर्दछु ।

हामी फेरि पनि यस घडीमा, हाम्रो स्थानीय सरकारलाई लोकतन्त्रको रक्षा गर्ने आधारस्तम्भको रूपमा ग्रहण गर्दै सामाजिक न्याय सहितको समृद्धि र आर्थिक, सामाजिक एवं साँस्कृतिक रूपान्तरणको पक्षमा सम्पूर्ण रूपमा समर्पित भई क्रियाशील रहीआएका हामी जननिर्वाचित जनप्रतिनिधिहरू शासक र हाकिम नभई जनताको सेवक हौं भन्ने कुरालाई जनताका बीचमा पुनः पुष्टि गर्दै त्यस महान जनसेवामा समर्पित रहने कर्तव्यबाट कहिल्यै बिचलित बिमुख नहुने र जनताको जीवनमा देखिने गरी तात्विक परिवर्तनको गतिलाई अगाडी बढाइरहने संकल्प सगर्व पुन: दोहऱ्यन चाहन्छु ।

गाउँसभाका सदस्यज्यूँहरू !

अहिलेको बिज्ञान प्रविधि र सञ्चार जगतको अभूतपूर्व विकास संगसंगै समाज विकासको तीव्रता र असमानता बीच निकै ठूलो अन्तर देखा परेको हामी सबैमा विधितै छ । स्वाधीन समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको आश्यकता र संविधानमा नै उल्लेख भएको समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार निर्माणले समाजको वास्तविक अन्तर अन्त्य गर्न सकिने कुरा हामी सबैले बुज्न जरुरी र आवश्यक छ । गणतन्त्र, समावेशीता, धर्मनिरपेक्षता, संघीयता, सकारात्मक विभेद सहितको समानुपातिक प्रतिनिधित्व सहितको नेपाली मोडलको मौलिक समाजवाद उन्मुख व्यवस्था प्रतिको हाम्रो यात्रा लक्षित भएता पनि यस पालिकाको समग्र अवस्था बदल्नका लागि व्यवस्थामा नै वस्तुवादी एवं जनमुखी नीति, कार्यक्रम र कानून निर्माण गरेर रूपान्तरणकारी नेतृत्व गर्न जरुरी भएकोले हामीले सोही अनुरूप एक आर्थिक बर्ष पार गरेका छौं र यसलाई अंझ तिव्रतामा लैजाने प्रयत्नका लागी सबैलाई सङ्कल्प गर्न र अविराम अगाडी बढ्न आग्रह दोऱ्याउन चाहन्छु । गणतन्त्र, समावेशीता, धर्मनिरपेक्षता, संघीयता, समावेशी समानुपातिक प्रतिनिधित्वका लगि नेपाली जनताको त्याग, तपस्या, वलिदानबाट प्राप्त उपलब्धिहरूको स्थानीय स्तरमा रक्षा गर्न सचेत र सावधान रहँदै परिवर्तकारी शक्तिहरू एकजुट भई जस्तोसुकै चुनौतीको पनि सामना गर्न तयार रहन पनि म अपिल गर्न चाहन्छु ।

साहस, सौर्य र वलिदानीपूर्ण तमाम् पटक पटकका (१० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन, जनजाति आन्दोलन, मधेश आन्दोलन तथा उत्पिडीत वर्ग समुदायहरूको आन्दोलनहरू) संघर्षहरूबाट नेपालको व्यवस्था बदल्न हामीहरूले सफलता प्राप्त गरेका हौं तर नेपाली जनताको अवस्था बदल्न भने अनेक कठिनाइहरूबाट जेलिएर जहाँको तेहीं रहिरहेको अवस्था आज पनि विद्यमान छ । धनी र गरीब, गाउँ र शहर, हुने र नहुने बीचको खाडल झन झन बडोत्तरीमा अग्लिदै गइरहेको  अवस्थाबाट अब हामीले विकास निर्माणका सघन कार्यक्रमहरूको सफल कार्यान्वयन गरी यो खाडललाई कम गर्दै लग्न कोशिस गर्नै पर्दछ ।

नेपालको राजनीतिक परिवर्तन पछि पनि आशातित रूपमा अजिरकोटका दुरदराजका अधिकांश भेगमा वसोवास गर्ने जनताको जीवनस्तर द:खदायी र कष्टकर नै रहिआएको छ । अजिरकोटमा विद्यमान बेरोजगारी समस्या, पूर्वाधार अभाव, सार्वजनिक

शिक्षाको गुणस्तरमा ह्रास, बढ्दो बसाइसराई, निर्वाहमुखी कृषि प्रणाली, कम उत्पादकत्व र बाँझा जमिनहरू, प्रशासनिक अराजकता र भ्रष्टाचार, स्वास्थ्य सेवामा सिमितता, जलवायु संकट र युवाशक्तिको पलायन लगायतका समस्याहरूलाई कम गर्दै, घटाउँदै, पन्छाउँदै नेपालको संविधानले प्रदत्त गरेका मौलिक हक अधिकारलाई कागजमा मात्र पाठ्य सामग्रीका रूपमा सिमित रहने परम्परालाई भत्काउँदै जीवन व्यवहारमा सार्थक रूपान्तरण सम्भव तुल्याउन नवीन पहलकदमी सहित समग्र अजिरकोटको विकास गर्न यो नीति र कार्यक्रम गत बर्षका सान्दर्भिक तथा उपयुक्त बिषयहरूलाई निरन्तरता दिदै यहाँहरूका बीचमा प्रस्तुत गरेको छु । सबै खाले सिमान्तकृत वर्ग र समुदायको उत्थानका साथै समाजमा विद्यमान विभेदहरूको अन्त्य गर्दै नेपालको संविधानले व्यवस्था गरे अनुरूप स्थानीय तहको अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न संघीय संरचना अनुसार साधन स्रोत र कार्यकारी अधिकारलाई अजिरकोटवासी जनताको जीवनमा आमँल रूपान्तरण गराइ समृद्धि र खुसी ल्याउन प्रयोग गर्ने संकल्प सहित दिर्घकालिन सोच **"दिगो विकास हाम्रो सोच, सुन्दर शान्त समृद्ध अजिरकोट"** को लक्ष्य हाँसिल गर्न **"हाम्रो अजिरकोट राम्रो अजिरकोट"** भन्ने नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै प्रस्तुत गरेको छु ।

गाउँसभा सदस्यहरू !
अब म अजिरकोट गाउँपालिकाको आ.व. २०८०/८१ का लागि तय गरिएका प्रमुख नीति तथा कार्यक्रमहरू देहायबमोजिम प्रस्तुत गर्दछु ।

**क) आर्थिक विकास**

१. विकास निर्माणमा स्थानीय शिप र प्रविधिको प्रयोग गर्दै लगानी एवं प्राप्त उपलब्धीहरूलाई समन्यायिक वितरण मार्फत दिगो विकास, रोजगारी सिर्जना, उद्यमशिलता प्रवर्द्धन गर्दै समृद्ध अजिरकोट निर्माणको लागि दिगो आर्थिक वृद्धि एवं नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास हाँसिल गर्न सार्वजनिक, निजी र सहकारीको साझेदारीको नीति अवलम्बन गर्ने नीतिलाई यस आर्थिक बर्षमा पनि निरन्तरता दिइने छ । सम्प्रभँता ग्राम स्थापना गरी कार्यान्वयन गर्न सार्वजनिक, निजी र साझेदारीमा उत्पादन, संकलन, बितरण (बजार व्यबस्थापन तथा आयात र निर्यात) मा आवस्यक व्यबस्थापन मिलाइ आर्थिक स्तरोन्नतिमा जोड गर्न गरिने छ ।

२. पर्यटन प्रवर्द्धनका लागि संघ सरकार, प्रदेश सरकार र सम्वद्ध निकायहरूसँगको समन्वय, सहकार्य र सहलगानीलाई प्राथमिकता दिइनेछ । अजिरकोटलाई पर्यटकीय गन्तब्यको रूपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइने छ भने गत बर्ष पर्यटकको संख्या लक्ष्य निर्धारणमा भएको प्रगतिको समिक्षा गरी आवस्यक सुधार गरिने छ ।

३. राजश्व सुधार योजनाबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्दै दहत्तर बहत्तरको अनाधिकृत दोहन रोकी राजश्व संकलन अभिवृद्धि गरिनेछ । व्यवसायीको क्षमता र सामर्थ्यको आधारमा करको दायराभित्र समावेश गरी आन्तरिक आय अभिवृद्धि गर्न आ.व. २०८०/०८१ लाई व्यवसाय दर्ता /नविकरण वर्षको रुपमा मनाइनेछ । व्यवसाय प्रवर्द्धनका विभिन्न कार्यक्रमहरूलाइ थप व्यवस्थित गर्दै लगिनेछ । होटल तया व्यवसाय, लगायतका उद्योग दर्ता नविकरण, सँचीकृत हुन ताकेता गर्दै काननँी प्रकृया पँरा नगरी संचालित व्यवसायलाई कारवाहीको दायरामा ल्याइनेछ । सम्पत्ती करको सुरुवात गरिनेछ ।

४. संस्कृति, पुरातत्व र पर्यटनलाई एकीकृत रूपमा प्रवर्द्धन गर्ने धार्मिक, पर्यटकीय र पुरातात्विक महत्वका स्थलहरूको पहिचान र पँर्वाधार विकासका लागी अध्ययन अनुसन्धान र स्थापनामा जोड दिइने छ । जाजताती, भेषभँषा, संस्कृति, रितिरिवाज झल्कने संग्राहलयका साथै संस्कृति प्रतिष्ठान निर्माण गरिनेछ । स्थानीय उत्पादनमा आधारित ढाका उद्योग स्थापना गरिनेछ ।

५. एक घर एक धारा, प्रत्येक घर विजुली पहुँच, प्रत्येक खेत सिंचाई सुविधा तथा वडास्तरिय प्रत्येक मुल बाटो बाह्रैमासे संचालन गर्नसकिने गरी नाला सहितको ग्राभेल नीति अवलम्बन गरी ४ वर्षभित्र कार्य सम्पन्न गरिनेछ ।

६. आर्थिक रूपमा विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला, योनिक तथा लैंगिक अल्पसंख्यक, आदिवासी/जनजाती तथा सिमान्तकृत वर्गका लागि विशेष अनुदान र सहुलियत मार्फत कृषिमा थप लगानी बृद्धिका अवसरहरू पहिलाउदै रोजगारी सिर्जना र आर्थिक सम्पन्नतातर्फ प्रेरित गरिने छ । यस्ता लाभग्राहीको कृषिमा आधारित उद्यमशिलता प्रवर्द्धन गर्न आवस्यकतालाई प्राथमिकतामा राखी संघ, प्रदेश र सम्बन्धित निकायमा समन्वय र सिफारिस गरिने छ ।

७. माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो र भँगोल सुहाउँदो खेतीपाती, स्थानीय तथा भँगोल अनुकँल पशु आहार उत्पादन मार्फत बाखा, भैंसी, सुङ्गुर, बुङ्गुर, हाँस, कुखुरा, कालिज, माछा आदि पालनमा सम्भाव्यता अध्ययन गरी पशुपालन कार्यमा प्रोत्साहन गरिनेछ। र स्थानीय उत्पादनमा आधारित उद्योग एवं उत्पादनलाई प्रवर्द्धन गर्न सहुलियतको व्यबस्था मिलाइने छ । आलु खेती, मौरीपालन, किवि र स्याउ, खुर्सानी, चिया उत्पादन, ट्राउट माछा उत्पादन जस्ता अजिरकोटको भँगोल सुहाउँदो कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई प्राथमिकतामा राखिने छ। हरिया तरकारी तथा आलु, प्याज, लसुन, अदुवा, बेसार, खुर्सानीमा यो बर्षबाट नै आन्तरिग माग धान्न सक्ने गरी आत्मनिर्भर बन्ने नीति लिइनेछ ।

८. वनजङ्गलमा उत्पादन भइ खेर गइरहेका वन्य फलफँल जस्तो पानीअमला, काफल, एसेलु, चुत्रो आदिलाई उद्योगसंग जोड्ने प्रयत्न (वाइन उत्पादन अध्ययन अनुसन्धान) प्रारम्भ गरिने छ। लालीगुँरासको फँलको उपयोग बारे पनि खोज र व्यवस्था गर्न प्रयास थालिने छ। स्थानीय उत्पादन मस्यौरा, गुन्द्रुक एवं. प्राकृतिक उत्पादन न्युरो ,टुसाको संकलन, वर्गिकरण पश्चात ब्राढिङ गरी गाउँपालिकामा कोसेली घर स्थापना मार्फत राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा निर्यात गरिनेछ । यसमा वातावरणको स्खलन रोक्ने कुरामा सजगता अपनाइने छ। जडीबुटी खेती, संकलन, प्रशोधन र बजार व्यबस्थानका लागी आवस्यक नीति नियम तर्जुमा गरी कार्य प्रारम्भ गरिने छ। गैरवन पैदावारमा आधारित नेपाली कगज उद्योग, दुना टपरी उद्योगको लागि आवश्यक व्यवस्था गरिने छ। वन पैदावार तथा उत्पादनहरु सदुपयोग गरी आर्थिक समुन्नति हाँसिल गर्न आवश्यक कानँन तर्जुमा गरी कार्यान्वयनमा जाने नीति लिइनेछ।

९. “घर उद्योग” नामाङ्कन दिइ कोदोको रक्सी उत्पादन र स्तर निर्धारण गरी ब्राण्डिङ गर्दै क्रमस अजिरकोट क्षेत्रभित्र कोदोको रक्सी उमेर समुह अनुसार प्रयोगमा प्राथमिकता दिने नीति लिइनेछ। बाह्य अल्कोहलिक पदार्थबारे छुट्टै नीति बनाइ व्यबस्थित गरिने छ । खुर्पानीबाट जुस तथा वाइन उद्योग संचालनको सम्भाव्यता अध्ययन गरिनेछ । परंपरागत गुणस्तर मापनका निर्देशिका तयार गरी लागु गरिने छ।

१०. रैथाने कृषि बीज भण्डार तथा इलेक्ट्रिक शित भण्डार थप स्तरोन्नती गर्दै अनुदान बिउ रकम उपलब्ध गराइने छ। कृषि उत्पादन संकलन केन्द्र स्थापना गरी ढुवानीको लागि कृषि एम्बुलेन्स संचालन, उत्पादित वस्तुको बजार मँल्य निर्धारण र बजारिकरण तथा स्थानीय तहले तोकेका विशिष्टिकृत कृषि तथा पशु उपजको न्यँनतम मँल्य निर्धारणमा देखिएका समस्याको निदान खोज गरी अगाडी बढाइने छ।

११. एक वडा एक व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालन गरिनेछ। सम्प्रभँता ग्राम (कृषक समँह) ले कम्तिमा एक कृषि उत्पादनमा लगानी एवं उत्पादन अभिवृद्धि गर्नुपर्ने नीति अवलम्बनमा भएको गत्यावरोधको पहिचान गरी निराकरणको प्रयास गरिने छ। कृषि उत्पादनमा लगानी एवं उत्पादनको मात्रा अभिवृद्धि र बजारीकरण लगायतको आधारमा कृषक समँहलाई अनुदान प्रदान गर्दै क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन योजना निर्माण गरी कार्यान्वयन गरिने छ। बाँझो जग्गा को बारे आवश्यक नीति लाइनेछ।

१२. कृषि, पशुपालन र पर्यटनलाई जोड्ने गरी कार्यक्रमहरू सञ्चालन गर्न कम्तिमा स्थानको छनोट गरी कमसेकम एक समुदायमा शुरु गरिने छ। दुग्घ डेरी एवं. दुग्ध उत्पादनमा आधारित उद्योग स्थापनाको सम्भाव्यता अध्ययन गरिने छ। कृषि क्षेत्रको विकासका लागि व्यवसायिक रूपमा कृषि कार्य गर्ने तथा सामुहिक खेती गर्ने कृषक समँहका लागि आवश्यक कृषि उपकरणमा अनुदानको व्यवस्थालाई निरन्तरता दिइने छ।

१३. कृषि तथा पशुपालनको क्षेत्रमा उपलब्ध गराइने अनुदान मध्ये कम्तिमा ६० प्रतिशत अनुदान उत्पादनमा आधारित अनुदानको रूपमा विकसित गरिनेछ। उत्पादनमा आधारित अनुदान प्रदान गर्दा कर प्रणालीमा आवद्ध कारोवारयुक्त व्यसायलाई प्राथमिकता दिइनेछ। अनुदानको सदुयोग र उत्पादन अभिवृद्धि मापन गरी अनुदानको दुरूपयोग गर्ने लाभग्राहीलाई कारवाहीको दायरामा ल्याई आउँदो ३ वर्षसम्म अनुदान उपलब्ध नगराउने नीतिको निरन्तरता दिइने छ।

१४. नागेपोखरी- दुधपोखरी नारदपोखरी- पदमार्ग निर्माणको कार्यलाई सम्पन्न गर्न थप श्रोतको खोज गरी निरन्तरता दिइने छ। बुद्ध हिमाल हिमालचुली ग्रेट लेक सर्किट ट्रेल सर्किट निर्माणको लागि गोरखा तथा छिमेकी स्थानीय तह एवं. सम्बन्धित निकायसंग समन्वय गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ। नागेपोखर डार्कु हाई अल्टिच्युट साइक्लिङ रुट निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

१५. किसानहरूलाई घरदैलोमै कृषि र पशुपालन सम्बन्धि सेवाप्रवाहको सरल पहुँचमा पुर्याउन अर्धवार्षिक रूपमा कृषि तथा पशुपालनको शिविर सञ्चालन गरिनेछ । कृषि/पशु परीक्षण प्रयोगशाला स्थापना गरिनेछ । कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगारका अवसरहरू सृजना तथा खाद्य सुरक्षाको प्रत्याभँतिमा देखा परेका समस्याहरूको पहिचान एवं निराकरणमा जोड गरी आवश्यक कदम चाल्ने प्रयत्न गरिने छ ।

१६. व्यवसायिक सुरक्षाका लागि व्यवसाय विमा तथा सुरक्षा सामग्री सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ । कृषि/पशुपन्छी फर्म तथा कृषकद्वारा पशु बिमा गर्दा लाग्ने प्रिमियममा नेपाल सरकारले दिने सुबिधा बाहेकलाई १०० प्रतिशत मानी ५० प्रतिशत अनुदानलाई गाउँपालिकाद्वारा निरन्तरता दिइने छ । बाली तथा पशुपंक्षी बीमामा किसानको सर्वसुलभ पहुँच पुग्ने व्यवस्थालाई क्रियाशिल गरिने छ । यसका लागि निजी क्षेत्र साथै सहकारी संस्थाहरूलाई समेत परिचालनमा ल्याइने छ ।

१७. जैविक मल तथा कीटनाशक औषधी उत्पादन गर्न कृषकहरूलाई ज्ञान र प्रविधि हस्तान्तरण गरिने छ । पशु चौपायाहरूको गोठ सुधार गरी व्यवस्थित पशुपालन गर्न प्रोत्साहित गरिने छ । उन्नत नस्लका पशुपालनप्रति कृषकहरूलाई प्रोत्साहित गर्दै उच्च धरातलीय क्षेत्र अनुकँलका भेडा, च्याङ्ग्रा, चौँरी लगायतका चौपायाहरूको व्यवसायिक पालनमा जोड दिइने छ ।

१८. केही बैंक तथा वित्तीय संथाहरूको कर्जा प्रवाहमा भएको चर्को व्याज एवं प्रकृयाका कारण उठीवास हुने कहालाँग्दो अवस्थालाई अन्त्य गर्न सहुलियतपँर्ण कर्जा प्रवाहको नीतिका लागि बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय तथा सकहार्य गरिने छ । मिटर व्याजी, चोके वा अन्य कुनै पनि सामन्ती समस्याको अवशेषलाई निषेध गर्ने नीति लिइने छ ।

१९. हिमालबाट बगेको शुद्ध खानेपानी बोटलिङ गरी राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारमा निर्यात गर्न अवश्यक नीति तर्जुमा र अख्तियार गरी संरचना निर्माणको सम्भाव्यता अध्ययन गरी आवश्यक श्रोत जुटाउन प्रयास थालिने छ ।

२०. गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोत र साधनको उपयोग गरी निर्माण भएका र निर्माण हुने जलविद्युत आयोजनाहरूबाट स्थानीय सडक, सिंचाई, कुलो, वन लगायतको क्षेत्रमा पुगेको र पुग्न सक्ने अतिक्रमण रोक्न आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा लगिने छ ।

२१. कम्प्युटर, ड्राइभिङ, प्लम्बिङ, मोबाइल रिपेयरिङ, इलेक्ट्रिसियन लगायतका सीपमुलक प्रशिक्षणहरूबाट अजिरकोटवासी लाभग्राहीले मान्यताप्राप्त प्रमाणपत्र समेत प्राप्त गरी व्यवसाय संचालन मार्फत आर्थिक वृद्धि हाँसिल गर्ने वातावरण सिर्जना गर्न नेपाल सरकार र सि.टि.ई.भि.टी. बाट मान्यता प्राप्त स्थानीय शैक्षिक संस्था एवं संघ संस्थालाई प्राथमिकता दिइने छ । युवाहरूलाई उद्यमी बनाई स्वरोजगारको सिर्जना गर्न आवश्यक कार्यक्रमहरूको अनुसँची नै तयार गरी लागु गरिने छ ।

**ख) सामाजिक विकास**

२२. महामारी रोकथाम, नियन्त्रण र उपचारको भरपर्दो व्यवस्था सुनिश्चत गर्न सबै अजिरकोटबासीहरूको स्वास्थ्य सम्बन्धी अधिकारलाई संरक्षण र प्रवर्द्धन प्रति गाउँपालिका प्रतिबद्ध रहँदै स्वास्थ्य सुरक्षाको लागि आवश्यक औषधी उपकरण उपलब्धताको लागि संघ र प्रदेश सरकारसँग समन्वय मार्फत परिपँर्तिमा जोड दिइनेछ ।

२३. धनी र गरीब, गाउँ र शहर बीचको दुरी कम गर्न रणनैतिक नीति अवलम्बन गरिने छ । शहर बजारमा बसाइसराई भइगएका अजिरकोटवासीहरूलाई गाउँ फर्कन प्रेरित गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुका साथै फर्कनेहरूलाई बिभिन्न सेवा सुविधाहरू किटान गरी सहुलियत प्रदान गर्ने कुराको प्रचारप्रसार गरी क्रियान्वयनमा लगिने छ ।

२४. राष्ट्रिय र अन्तराष्ट्रिय स्तरको सशुल्क र निःशुल्क वृद्धाश्रम निर्माण गर्नका लागि विस्तृत अध्ययन प्रतिवेदन (DPR ) तयार गरी सो निर्माण र व्यवस्थापनका लागी आवस्यक पहलको प्रयास थालिने छ ।

२५. केन्द्रमा रहेका भच्चेक मा.विलाई मेघा आवासिय गाउँपालिका स्तरिय नमुना विद्यालयको रुपमा क्रमश स्तरोननती गर्दै क्रमशः सबै विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा रूपान्तरण गर्ने नीति अवलम्बन गरिने छ । गाउँपालिका भित्रका विद्यार्थीको उच्च शिक्षाको पहुँच सुनिश्चित गर्न स्नातक तहसम्म अध्ययन गर्ने क्याम्पस स्थापनाको पहललाई निरन्तरता

दिइने छ । अभिभावक उत्प्रेरणा कार्यक्रम, वालमैत्री कक्षा व्यवस्थापन, विद्यालयको स्वमँल्याङ्कन कार्यक्रम, सुचना प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन, मासिक विद्यालय नर्स कार्यक्रम, विद्यालय शिक्षक तथा कर्मचारी छनौट परीक्षा व्यवस्थापन लगायतका शैक्षिक सुधारका गतिविधिहरु संचालन गरिनेछ ।

२६. सामुदायिक विद्यालय सुधारको लागि सामुदायिक विद्यालय क्षेत्र सुधार कार्यक्रम ( Community School Sector Reform Programme ) बनाई विद्यालयको एकीकरण, शिक्षक दरबन्दीको बैज्ञानिक समायोजन, योग्यता र ज्येष्ठताको आधारमा प्र.अ. को व्यवस्था, जस्ता शैक्षिक क्षेत्र सुधार गर्ने नीति अख्तियार गर्दै लगिने छ । आवश्यक नीति तथा कानँन निर्माण गरी विद्यालय अनुगमन निरिक्षण थप प्रभावकारी बनाइने छ । मासिक रुपमा १ विद्यालयमा विद्यालयसँग गाउँपालिका कार्यक्रम संचालन गरिनेछ ।

२७. १ विद्याललयमा विद्याललय तथा आसपासका क्षेत्रमा वृक्षारोपण अभियान अन्तर्गत एक विद्यार्थी एक विरुवा कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ । विद्याथीलाई सैद्धन्तिक, व्यवहारिक एवं. क्षेत्रगत ज्ञान दिलाउन सक्ने गरी १ विद्याललयमा एक विद्यालय एक नर्सरी कार्यक्रमको स्थापानको सुरुवात मार्फत मौरीपालन लगाएत स्थानीय अलैची, स्याउ, किवी लगायतका खेतीको व्यवहारिक ज्ञान विद्यालयमै प्रदान गरिनेछ ।

२८. अजिरकोट गाउँपालिकालाई बन्द र हड्ताल निषेधित क्षेत्र घोषणा गरिनेछ ।

२९. सार्वजनिक र सरकारी पदमा रहेका सबै नागरिकहरूका छोराछोरीलाई समादुायिक विद्यालयमा अनिवार्य अध्यापन गराउने नीति अवलम्बन गर्दै प्रोत्साहन उपलब्ध गराइनेछ ।

३०. आगामी तीन वर्षमा सम्पँर्ण नागरिकलाई स्वाथ्य बीमा कार्यक्रममा आवद्ध गरिने छ ।

३१. सहिद र बेपत्ता परिवार लक्षित राहत एवं पुनस्थापनाका कार्यक्रमहरू सञ्चालनमा निरन्तरता गरिने छ । अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा र आर्थिक समृद्धिका कार्यक्रमहरू संचालनमा ल्याइनेछ । ज्येष्ठ नागरिको हकहित तथा अधिकार संरक्षणका विशेष कार्यक्रमहरु संचालन गरिनेछ । महिला तथा एकल महिलाहरूलाई लक्षित गरी विभिन्न सीपमँलक तालिम सञ्चालन गर्नुका साथै तालिम पश्चात् व्यवसाय सञ्चालन गर्ने कार्यमा साझेदार संस्थाहरूसँगको समन्वयलाई निरन्तरता दिइने छ ।

३२. वडा र स्वास्थ्य संस्थाहरूमा वार्षिक रूपमा शिविर मार्फत नसर्ने रोगको निशुल्क परीक्षणको व्यवस्था गर्दे शैक्षिक शत्र अघि प्रत्येक विद्यार्थी र शिक्षकको निशुल्क रूपमा अनिवार्य स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

३३. भच्चेक अस्पलालको २४ सै घण्टा सेवा प्रवाहलाई निरन्तरता दिँदै १५ शैया क्षमतामा स्तरोन्नतीको लागि आश्यक पहल गरिनेछ । भच्चेक आधारभँत अस्पतालमा शुलभ फार्मेसी पसल स्थापना गरिनेछ । अजिरकोटवासी प्रत्येक परिवारको हेल्थ प्रोफाइल तयार गरिनेछ । स्वास्थ्य विमा लागँ गर्न पहल गरिनेछ ।

३४. वाल अधिकार र वालसंरक्षणका विभिन्न कार्यक्रमहरू संचालनको प्रवन्घ मिलाइ कार्यान्यनमा जोड दिइने छ । वालमैत्री वडा र गाउँपालिकाका लागि आवश्यक नीति निर्माण एवं सबै पँवार्धार स्थापना गरी गत आ.व. को नीति तथा कार्यक्रममा समावेश भए बमोजिम २०८०/०८१ मा नमँनाको रूपका एक वडालाई तोकी वालमैत्री वडा घोषणा गरिनेछ ।

३५. छोरी भए पुगिसरी कार्यक्रम मार्फत दुईवटा छोरी भई स्थायी बन्ध्याकरण गरेका दम्पतीका दुई छोरीहरूलाई कक्षा ११ र १२ मा शैक्षिक शुल्कमा अनुदानको व्यवस्था गरिएकोमा सो कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।

३६. सामुदायिक विद्यालयहरूको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभँत र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र र छात्रा तर्फका विद्यालयलाई अजिरकोट उत्कृष्ट शिक्षा पुरस्कार दिइने छ । उच्च शिक्षामा विद्यार्थालाई प्रोत्सहान गर्न अजिरकोट गाउँपालिकाभित्रका सामुदायिक विद्यालयबाट एस.इ.ई. का परीक्षामा सर्वोत्कृष्ट हुने विद्यार्थीलाई नेपाल भित्र पठनपाठन हुने नेपाली विश्वविद्यालयबाट सम्बन्धन प्राप्त स्नातक तहको कुनै पनि कार्यक्रममा अध्ययनका लागि कँल शैक्षिक शुल्कको एक तिहाई रकम छात्रावृत्ति स्वरूप प्रदान गर्दै अजिरकोट गाउँपालिकाभित्रका विपन्न जेहेन्दार

विद्यार्थीहरूलाई तोकिएको विद्यालयमा कक्षा एघार र बाह्रमा विज्ञान तथा प्राविधिक विषय पढ्न छात्रवृतिको व्यवस्था गर्न जेहेन्दार छात्रवृति कार्यक्रमको निरन्तरता गरिने छ ।

३७. युवाहरूलाई संगठित गरी प्रतिभा प्रस्फुटनका क्रियाकलापहरू संचालन गर्न प्रोत्सहान गर्दै युवालाई गाउँपालिका क्षेत्रमा उद्यम र रोजगारीको अवसर विस्तार गर्ने गरी फर्क युवा अभियानलाई निरन्तरता दिईनेछ ।

३८. सुनौलो हजार दिनका आमालाई पोषणको अभाव हुन नदिन पोषण सामग्री सहितको माइतीको पोसिलो कोशेली कार्यक्रमलाई थप विशेषता एवं प्रभावकारिताका साथ निरन्तरता दिइने छ । पाठेघरको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने समस्याको लागि स्वास्थ्य परिक्षणको सेवा उपलब्ध गराउन अर्धवार्षिक रूपमा शिविर सञ्चालन गरिनेछ ।

३९. आगामी बाँकी २ आ.व. सम्ममा सुरक्षित मातृत्व, खोप र प्रजनन स्वाथ्य सम्बन्धी राष्ट्रिय लक्ष्य हाँसिल गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ । सो अवधि भित्र टेलिमेडिसिनको विकास र प्रयोग गरिनेछ ।

४०. डोको, नाम्लो, डालो, नाङ्लो , मान्द्रो, भकारी, राडी, बख्खु जस्ता स्थानीय कच्चा सामग्रीहरूको प्रयोगबाट उत्पादन हुने स्थानीय वस्तुहरूको उत्पादन, प्रवर्द्धन र बजारीकरणका कार्यक्रमहरू सञ्चालन गरिने छ । यी शिपमँलक पेशामा लाग्ने उद्यमीहरूलाई प्रत्येक वडाबाट बिबरण संकलन गरी पुरस्कृत गर्ने योजना बनाइ लागु गरिनेछ ।

४१. गाउँपालिकाभित्रका युवा जनशक्तिहरूलाई खेलकुद प्रति आकर्षण गराउन विभिन्न खेलकुदका कार्यक्रमहरू सञ्चालन गरिने छ र सो का लागी युवा क्लवहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम बनाइ लागु गरिने छ । उत्कृष्ट खेलाडी तथा खेल टिमलाई खेलकुदमार्फत गाउँपालिकाको पहिचान बनाउन जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा छनौट हुन प्रोत्सहान गरिनेछ । गाउँपालिका स्तरिय खेलकुद प्रतिष्ठान स्थापना गरिनेछ ।

४२. स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई निरन्तरता दिँदै पठन पाठनको कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ । विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालयमा भर्ना गर्न विद्यालयहरूलाई प्रोत्साहन गरिने छ । विद्यालय छाड्ने दरलाई क्रमश शँन्यमा झारिने छ, सो कार्यका लागी विद्यालयका सम्पँर्ण शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाइनेछ ।

४३. महामारीको अवस्थामा खोप, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभँत सेवा सुविधालाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयंसेविका एवं स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन गरी परिचालन गरिनेछ ।

४४. आजका किशोरकिशोरीहरू भविष्यका देश निर्माणका आधार हुन् भन्ने मान्यतालाई आत्मसाथ गर्दै किशोर किशोरी लक्षित स्वास्थ्य तथा पोषणका कार्यक्रमहरू सञ्चालन गरिने छ । किशोर किशारी लक्षित स्वस्थ जिवनशैली, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, महिनावारी चक्र तथा सरसफाइ र प्रजनन स्वास्थ्य बारे सचेतनामँलक कार्यक्रम सञ्चालन गरिने छ ।

४५. विपन्न र पछाडि परेका वर्ग, लिङ्ग र समुदायका बालबालिकाहरूलाई शिक्षामा पहुँच विस्तार गर्न भिकाउ, टिकाउ र विकाउ नीति अवलम्बन गर्दै दिवाखाजा, पोसाक लगायत विशेष प्रोत्साहन कार्यक्रमहरूलाई निरन्तरता दिइने छ । बालिका शिक्षालाई प्रोत्साहित गर्न महिलामैत्री शौचालय, स्यानेटरी प्याडको उपलव्धताको सुनिश्चितता गरिने छ ।

४६. बढ्दो आत्महत्या, मानसिक रोग, डिप्रशन तथा पारिवारिक विखण्डनका घटना न्यँनिकरणका लागि मनोसामाजिक परामर्श सेवालाई व्यवस्थित गर्न मनोसामाजिक तथा मानसिक स्वस्थ्य नीति तर्जमा गरी लागँ गरिनेछ । वालविवाह, लागुपदार्थ दुर्व्यसनी, साइबर सुरक्षा चुनौति तथा हिंसा मुक्त स्थानीय तह बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

४७. विकासमा महिला, सम्वृद्धिमा पहिला भन्ने नारालाई आत्मसाथ गर्दै गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरूमा महिलाहरूको नेतृत्व वृद्धि गर्ने नीतिलाई निरन्तरता दिइनेछ । वडा स्तरका उपभोक्ता समिति मार्फत् सञ्चालन गरिने योजनामा कम्तिमा एक तिहाई योजना महिला नेतृत्वमा सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।

४८. अपाङ्गता परिचय पत्र, ज्येष्ठ नागरिक परिचय पत्र, एकल महिला परिचय पत्र वितरण गरी उनीहरूको मौलिक हक र अधिकारलाई संरक्षण र सम्वर्द्धन गरिने छ । अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक अजिरकोटवासी नागरिकहरूलाई छोटो तथा लामो दुरीका सवारी साधनमा र अजिरकोट भित्रका कार्यालय एवं निकायहरूमा नियमानुसारको सहुलियत अनिवार्य गरिने छ । पँर्ण अशक्त अपाङ्गता भएका व्यक्ति र ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई उपचारको लागि भच्चेक अस्पतालसम्म निशुलक एम्बुलेन्स सेवा उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।

४९. दलित तथा पिछडिएका समुदायको परम्परागत पेशा व्यवसाय आधुनिकीकरण गरी व्यवसायिक बनाउन आवश्यक सहयोग गरिने छ । जनजाति, विपन्नवर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गरिने छ । एक दलित वस्तीलाई नमँना दलित वस्तीका रुपमा विकास गरिनेछ ।

**ग) पँर्वाधार विकास**

५०. यातायात, कृषि, खानेपानी, सिंचाई लगायतका विषयगत क्षेत्रका गुरुयोजना तयार गरी सम्बन्धित कार्यक्रमहरू संचालन गरिनेछ । गाउँपालिका स्तरिय वृहत सिंचाई आयोजनाको सम्भाव्यता अध्ययन गरिनेछ ।

५१. वस्ती/वडा/गाउँपालिका स्तरबाट पहिचान एवं प्राथमिकिकरण भएका आयोजना तथा प्रथम पञ्चवर्षीय योजनाबाट औंल्याइएका आयोजनाहरू समावेश गरी गाउँपालिका स्तरीय आयोजना बैंक स्थापना मार्फत क्रमशः कार्यान्वयनमा ल्याइने छ । आयोजना बैंकमा समावेश भएका गाउँपालिका स्तरका गौरवका आयोजनाहरूको विस्तृत अध्ययन प्रतिवेदन तयार गरी संघ र प्रदेश सरकारसँग समपँरक, विशेष र सर्शत अनुदानका लागि प्रस्ताव पेश गरिने छ । विकास साझेदारी योजनालाई प्राथामिकत  दिइने व्यवस्था मिलाइने छ ।

५२. भौतिक संरचनामा दिगो सुरक्षा र राजश्व संकलनलाई समेत टेवा पुग्ने गरी भवन संहिता तथा मापदण्ड तयार गरी घरनक्सापास सुरुवात गरिने छ ।

५३. गाउँपालिका क्षेत्रका सानातिना सडकहरू मर्मत सम्भार तथा स्तरोन्नतिका लागि मर्मत-सम्भार कोष मार्फत् सडक मर्मत सम्भार र स्तरोन्नती गर्ने कार्यलाई उपभोक्ता साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।

५४. संघीय सरकारको समपुरक अनुदान अन्तर्गत साझेदारीमा काफलडाँडा बुद्धसिंहटार सडक एवं. ओखलढुङ्गा ताप्ले गोगनपानी सडक स्तरोन्नती गरी बाह्रै महिना यातायात संचालन हुने व्यवस्था मिलाइने छ । गण्डकी प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत साझेदारीमा मुच्चोकटार झ्याल्ला टेम्पल सेसन बाह्रै महिना यातायात संचालन हुने व्यवस्था मिलाइने छ । नम्की कोलकाटे भिरकुना सडकको निर्माण कार्यलाई निरन्तरता दिइ सम्पन्न गरिने छ । वि.पि.कोइराला उच्च (High Altitude) रङ्गशाला निर्माणलाई निरन्तरता दिईने छ ।

५५. स्थानीय स्रोतसाधन, सीपको प्रयोगबाट सञ्चालन हुने आयोजना, स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने योजनालाई प्राथमिकता दिइने छ । दीगो विकासको लक्ष्य प्राप्तिका लागि जनसहभागितामा आधारित आयोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । विद्यालय, सामुदायिक भवन तथा सरकारी भवनहरू निर्माण गर्दा संरचनाहरू अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिने छ ।

५६. अजिरकोट गाउँपालिकाद्धारा विनियोनित बजेट सदुपयोग गर्दै उपभोक्ता समिति मार्फत सवारी साधन प्रयोग नगरि कार्यान्वयन हुने आयोजनाहरुमा प्रयोग भएका स्थानीय ढुङ्गा गिटी तथा बालुवा एवं. दहत्तर बहत्तरको राजश्व छुट गरी स्थानीय श्रमको सम्मान गर्दै स्थानीय रोजगारी सृजनालाई प्राथमिकता दिइनेछ । फाल्गुन मसान्त भित्रै प्रर्वाधार आयोजना सम्झौता गरिसक्नपर्ने र ज्येष्ठ मसान्तभित्र भुक्तानी लिइसक्नुपर्ने नीति अवम्बन गरिनेछ । बेरुजु फच्यौट नभएका संघ संस्था तथा समिति र व्यक्तिहरुलाई अनुदान उपलब्ध नगराउने नीति अवलम्बन गरिनेछ ।

५७. टोल विकास संस्था तथा उपभोक्ता समिति मार्फत् निर्माण सम्पन्न भएका आयोजनाहरू नियमानुसार सम्बन्धित टोल विकास संस्था वा उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ । हस्तान्तरित योजनाको सम्पँर्ण मर्मत सम्भारका लागि उपभोक्ता समितिलाई नै जिम्मेवार बनाइने छ । १५ लाख सम्म बजेट विनियोजन भएका आयोजनाहरू मात्र

टोल विकास संस्था वा उपभोक्ता समिति मार्फत् सञ्चालन गरिनेछ । उपभोक्ताहरूको दक्षता नभएको आयोजनाहरूलाई दक्ष निर्माण व्यवसायी छनौटको लागि ठेक्का आव्हान गरी सञ्चालन गरिनेछ ।

५८. संघीय र प्रदेश सरकारद्वारा यस गाउँपालिका क्षेत्रमा विनियोजित भएका आयोजनाहरू कार्यान्वयनमा आयोजना सर्वेको चरणदेखि नै गाउँपालिकासँग समन्वय गर्न अनुरोध गरिनेछ । कार्यान्वयन गर्ने निकायले गाउँपालिकालाई कार्य सुरु हुन पँर्व लागतईस्टिमेट र आयोजनाको कार्यसम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदन नवुभ्काएमा गाउँपालिकाले आयोजनाको अपनत्व लिन बाध्य हुनेछैन ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

५९. गाउँपालिका भित्र रहेको जमिनको भँ-उपयोग वस्तुस्थिति सहित तयार भएको जग्गाको वर्गिकरणबाट प्राप्त निषकर्ष एवं. सुभ्कावको क्रमस कार्यान्वयन गर्दै लगिनेछ । संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी सार्वजनिक जग्गा संरक्षण थालनी गरिनेछ ।

६०. जलवायु संकट तथा विपद्जन्य घटनाबाट अजिरकोटवासी समुदायलाई सुरक्षित राख्न जलवायु उत्थानशिलता र विपद् व्यवस्थापनका एकीकृत कार्यक्रमहरू संचालन गरिने छ । प्रकृतिप्रेमी विकास र पर्यावरण रक्षामा जोड दिई दिगो विकासमा जोड दिइने छ ।

६१. अजिरकोट गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रलाई वातावरणमैत्री, हरियाली र सुन्दर बनाउन बजारबासीको सौजन्यतामा सौन्दर्यकरणका विविध कार्यक्रमहरू संचालनमा ल्याइने छ ।

६२. रसायनिक मलको प्रयोग कम गर्दै प्राङ्गारिक मल उत्पादन, प्रयोग र विक्रि वितरणलाई प्राथमिकता दिइने छ । प्लाष्टिक मुक्त गाउँपालिका निर्माणको अभियान अगाडि बढाउन गाउँपालिका एवं मातहतका कार्यालयहरूमा प्लाष्टिकका सामग्रीको प्रयोग न्यँनिकरण गर्दै स्थानीय उत्पादन बाहेकका खादा प्रयोगमा रोक लगाइने छ ।

६३. स्थानीय स्रोत साधन र सीपको उपयोग गरी उद्यमशीलताको विकास गर्न सामुदायिक होमस्टे पँर्वाधार निर्माण र क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गरिने छ र सामुदायिक होमस्टेलाई आवश्यक मापदण्ड वनाई वर्गीकरण गरी सुदृढीकरण गरिने छ ।

६४. ठँला र बहुवर्षिय आयोजनाहरू कार्यान्वयन पँर्व आवश्यकता अनुसार संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावणीय परीक्षण (IEE) तथा विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गरिने छ ।

६५. गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थ जस्तैः ढुङ्गा, गिट्टी, बालुवा, खानीजन्य पदार्थ, स्लेट लगायत प्राकृतिक स्रोत साधनको आँकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन, ओसारप्रसार र बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइ राजश्वको दायरालाई वृद्धि गरिने छ । चेपे तथा दरौदी नदी एवं अन्य स्थानका प्राकतिक साधन स्रोत प्रयोग गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार मात्र ढुङ्गा गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोतको उत्खनन् तथा प्रयोग गरिने छ ।

६६. मनसुनजन्य विपद्, आगोलागी तथा भँकम्प प्रभावित नागरिकहरूले आवास निर्माण एवं राहत प्राप्ति लगायत राज्यबाट पाउने सुविधालाई सरल र व्यवस्थित गराउँदै लगिने छ । विभिन्न विकास साभ्केदार र सामाजिक संघसंस्थाहरूसँगको सहकार्यमा उनीहरूको जीविकोपार्जनका गतिविधिहरू सञ्चालन गरी आयआर्जनमा सघाउ पुऱ्याउने कार्यक्रम सञ्चालन गरिने छ ।

**ङ) सुशासन र संस्थागत विकास**

६७. अजिरकोट गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट स्थानीय करदातालाई पुरस्कृत गर्दै आन्तरिक आय प्रवर्द्धनका कार्यक्रमहरू लागु गरिने छ । आन्तरिक आयका क्षेत्रहरू पहिचान र परिचालन गरी आन्तरिक आयलाई क्रमशः वढवा दिदै लगिने छ । यस

गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अजिरकोटबासीहरूको क्षमता, स्थानिय श्रोत र अन्य गाँउपालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरू निर्धारण गरिने छ।

६८. सेवा प्रवाहको गुणस्तरका वारेमा समीक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिवहरूको चौमासिक प्रगति समीक्षा बैठक सञ्चालन गरिने छ। शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी उत्प्रेरणा र हौशला प्रदान गर्न आर्थिक वर्षको अन्त्यमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान गरिनेछ। विद्यालयका प्रधानाध्यापकहरुसंग कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादनको समिक्षा समेत गरिनेछ।

६९. अध्ययन र अनुसन्धान, पर्यटन, दहत्तर बहत्तर राजश्व संकलन, फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिलताका कार्यक्रमहरू संचालन गर्न र पँर्वाधार संरचना विकाससँगै सांस्कृतिक एवं पुरातात्विक विषयवस्तुलाई जगेर्ना गर्न आवश्यक आर्किटेक्चर जनशक्ति व्यवस्थापनको लागि छिमेकी स्थानीय तहहरूसँग साझा नीति अख्तियार गर्दै साझेदारीलाई प्राथमिकता दिइनेछ। अजिरकोट अध्ययन अनुसन्धान प्रतिष्ठान स्थापना गरिनेछ।

७०. सार्वजनिक सेवाप्रवाहप्रति उत्तरदायि बनाउन पर्यवेक्षकको भँमिका निर्वाह गर्ने गरी जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला समुदायको संयुक्त संयन्त्र स्थापना गरने छ। सेवाग्राी तथा कर्मचारीलाई सेवाप्रवाहमा सहजताको वातावरण सृजना गर्न सेवाग्राही प्रतिक्षालय तथा स्तनपान कक्ष स्थापना गरिनेछ। गाउँपालिकाको कार्यालयको स्थायी प्रशासनिक भवन ३ वर्षभित्र सक्ने गरी प्रकृया बढाइनेछ।

७१. सेवा प्रवाहमा संलग्न कर्मचारीहरूको मनोवल बढाउन आवश्यकता अनुसार प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन एव अन्य उपयुक्त र अत्यावश्यक सेवा सुविधाको व्यवस्थापन मार्फत सेवा प्रवाहमा चुस्तताको वातावरण सिर्जना गरिने छ। आन्तरिक पर्यटन प्रवर्द्धन साथै कर्मचारी उत्प्रेरणाका लागि वर्षमा पाँच दिनको तलव सहितको विदा दिई कर्मचारी प्रोत्साहन कार्यकमलाई निरन्तरता गरिनेछ।

७२. गाउँपालिकाको आर्थिक एवं. प्राविधिक सहायतामा सञ्चालन हुने पँर्वाधार एवं गैर पँर्वाधार आयोजना तथा कार्यक्रमहरूको लागत अनुमान र कामको प्रकृतिमा आधारित रहेर उपयुक्त कार्यावधिको व्यवस्था गरी समयमै कार्यसम्पन्न नगर्ने उपभोक्ता समितिको औचत्यता एवं प्राविधिक पुष्ट्याई बाहेक सम्झौताको म्याद नथप्ने नीति लिइनेछ।

७३. गाउँपालिकाको डिजिटल पार्श्वचित्र तयार गरी प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन र अध्यावधिक गर्ने व्यवस्था गरिने छ। सेवाग्रहीलाई प्रविधिमैत्री सेवा प्रवाह गर्न गाउँपालिकाको छुट्टै एप्स संचालनमा ल्याइनेछ।

७४. यातायात सुरक्षालाई मध्येनजर गर्दै नविकरण भएका सवारी लाइसेन्स, ब्लँबुक सहितका सवारीहरु मात्रै संचालन हुन पाउने नीति अवलम्बन गरिनेछ। भच्चेकमा ट्राफिक बिट स्थापनाको पहल गरिनेछ। अनिवार्य नियमित बजार अनुगमन मार्फत कालोबजारी, विषाधीयुक्त खाद्यान्न, महंगी, अखाद्य वस्तुको व्यापार नियन्त्रण गर्दै वस्तुभाउको निर्धारित मँल्यको परिधिभित्र कारोबार हुने वातावरण सृजना मार्फत उपभोक्ताको हक संरक्षण गर्दै सामग्री खरिद पश्चात बिल लिनुपर्छ भन्ने मान्यतालाई अधिकार तथा कर्तव्यको पाटोको रुपमा स्थापित गरिनेछ।

७५. भच्चेक प्रहरी चौकीलाई इलाका प्रहरी कार्यालयको रुपमा स्तरोन्ननती गर्न आवश्यक प्रकृया थालनी गरिनेछ। भचचेक बसपार्कलाई स्तरोननती गर्दै व्यवस्थित गरिनेछ।

७६. लगानी र विज्ञ सम्मेलनमार्फत अजिरकोट गााउँपालिकाको वृहत विकासको सम्भावनाको अन्वेषण एवं पुंजि संकलन तथा परिचालनको नीति लिइने छ।

७७. गैरसरकारी संघ संस्थाहरूबाट सञ्चालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरूलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत् सञ्चालन गरी व्यवस्थित बनाइने छ। सहकारी तथा गैर सरकारी संस्थाहरूको नियमित अनुगमन तथा नियमन गरीनेछ। सहकारी संस्थाहररुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ। गैर सरकारी संस्थाकार्यक्षेत्रमा हुने दोहोरोपना अन्त्य गरिने छ र विकास साझेदार संस्थाहरूसँग विकासका कामहरूमा साझेदारी गर्ने नीति लिइने छ।

७८. गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि तथा मानव संसाधन विकासका लागि क्षमता विकास योजना तर्जुमा गरिने छ । गाउँपालिकाको साङ्गठनिक विकासलाई प्राथमिकता दिँदै कर्मचारी एवं पदाधिकारीहरूको क्षमता विकासका लागि तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।

७९. गाउँपालिकाको विकास निर्माणका कार्यलाई समावेशी, पारदर्शी, उत्तरदायी तथा जनसहभागितामँलक बनाइने छ । सुशासनलाई केन्द्रमा राखी सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही र नागरिकमैत्री वनाइने छ । भ्रष्टाचारविरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

८०. स्थानीय योजना व्यवस्थापन प्रणालीलाई सँचना प्रविधिमा आवद्ध गरिने छ । गाउँपालिका तथा मातहातका कार्यालहयहरूबाट प्रवाह हुने सेवाहरूलाई प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउन पेपरलेस सेवालाई निरन्तरता गर्दै क्रमशः पँर्ण रूपमा पेपरलेस सेवाप्रवाप्रवाहको व्यवस्थापन गरिनेछ । मध्यमकालीन खर्च संरचना, रणनीति कार्ययोजना तथा गाउँपालिका प्रोफाइल तयार गर्दै आवधिक योजना अध्यावधिक गरिनेछ ।

८१. अजिरकोट गाउँपालिका र मातहतका कार्यालयहरूमा प्रयोग हुन सक्ने स्थानीय उत्पादनको गुणस्तर मापन गरी उपयोगमा प्राथमिकता निर्धारण गरी सुरुवात गरिने छ ।

८२. अजिरकोट गाउँपालिकाभित्र फोहोमैला व्यवस्थापनको लागि जग्गा प्राप्ति पश्चात IEE र DPR गरी कार्यान्वयनको लागि संघ र प्रदेश सरकारसँग प्रस्ताव गरिनेछ ।

८३. गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरूलाई चुस्त र पारदर्शी बनाउन प्रविधिमैत्री गाउँपालिकाको अवधारणा ल्याइने छ । राजश्व सङ्कलन, दर्ता/चलानी, योजना सञ्चालन, जिन्सी व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली लगायतका कार्यहरू सफ्ट्वेयरको प्रयोग मार्फत व्यवस्थित गरिने छ ।

**अन्त्यमा,**

विश्यव्यापी रुपमा रहेको आर्थिक मन्दीका कारण अर्थतन्त्र कमजोर भएको र स्थानीय तह संस्थागत भएसँगै जनताको ठँलो आशा र अपेक्षा रहेको समयमा यो अजिरकोट स्थानीय सरकारलाई प्राप्त महत्वपँर्ण जिम्मेवारी अजिरकोटका जनताको आर्थिक, सामाजिक र साँस्कृतिक विकासको आकांक्षा पँरा गर्न संस्थागत तथा व्यक्तिगत सामर्थ्यले भ्याएसमम हामी अजिरकोट स्थानीय सरकारका जननिर्वाचित प्रतिनिधिहरु अनवरत रुपमा प्रतिवद्ध भएको जानकारी गर्दछु ।

# धन्यवाद